स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



"मिस्टर परफेक्सनिस्ट"को रूपमा परिचित बलिउड अभिनेता आमिर खान तेस्रो पटक विवाह बन्धनमा बाँधिएका छन्। उनले आइतबार दिउँसो १२:४५ बजे मुम्बईको बान्द्रास्थित आफ्नो निवासमा प्रेमिका गौरी स्प्राटसँग कानुनी रूपमा विवाह गरेका हुन्। उनीहरूको विवाहमा परिवारका सीमित सदस्य र नजिकका साथीभाइको मात्र उपस्थिति रहेको थियो।

आजको विचार...



कुलतको...
(दुई पेजमा)

तोमनाथ उप्रेती



गायक, सर्जक तथा अभिनेता प्रकाश सपूत झन्डै एक वर्षपछि नयाँ गीत लिएर स्रोता तथा दर्शकमाझ फर्किएका छन् । उनले आइतबार नयाँ गीत "कर्तव्य" (मेरो पनि होइन र यो देश-२) सार्वजनिक गरेका हुन् । यो गीतमा प्रकाशले देशको विकास र समृद्धिका लागि सरकारसँगै हरेक नागरिकले पनि आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने सन्देश दिएका छन् । "कर्तव्य" उनको पाँच वर्षअघि सार्वजनिक भएको चर्चित गीत "मेरो पनि होइन र यो देश" को दोस्रो श्रृंखला हो । पहिलो भागमा उनले सरकार र राजनीतिक नेतृत्वमाथि प्रश्न उठाएका थिए।

❐ वर्ष ३१ ❐ अंक ३३९ ❐ २०८३ असार २३ गते मंगलबार 7 July 2026, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### भारी वर्षाबीच भवन भत्किँदा छ जनाको मृत्यु

(रासस/एएफपी)

**नयाँदिल्ली,** असार २२/भारतको आर्थिक राजधानी मुम्बईमा मनसुनी भारी वर्षाबीच एउटा जीर्ण आवासीय भवन भत्किँदा पाँच बालबालिकासहित छ जनाको मृत्यु भएको छ । लगातारको वर्षाले सडक जलमग्न बनेपछि जनजीवन प्रभावित भएको अधिकारीहरूले सोमबार जनाएका छन् । मुम्बईकी मेयर ऋतु तावडेका अनुसार आइतबार सहरको पूर्वी भागमा रहेको उक्त भवन भत्किँदा त्यहाँका बासिन्दा भग्नावशेषमा पुरिएका थिए । उद्धार टोलीले घटनास्थलबाट शवहरू निकालेको बताइएको छ । भारत मौसम विज्ञान विभागले २४ घण्टामा २०० मिलिमिटरभन्दा बढी वर्षा मापन गरेको जनाउँदै मुम्बईका लागि 'रेड अलट' जारी गरेको छ । निरन्तर वर्षा र तीव्र हावाको सम्भावनासँगै विद्यालय तथा कलेजहरू बन्द गरिएको छ । अधिकारीहरूले वर्षाका कारण रूख तथा संरचना ढल्ने जोखिम रहेकाले सर्वसाधारणलाई सतर्क रहन र आवश्यक नभएसम्म घरबाहिर ननिस्कन आग्रह गरेका छन् । दुई करोडभन्दा बढी जनसङ्ख्या रहेको यो सहरमा डेटा-सेन्टर पूर्वाधार विस्तारसँगै पानीका स्रोतहरूमा थप दबाब पर्ने चिन्ता व्यक्त गरिएको छ ।

# गवारोले कफी किसान चिन्तित

## भन्छन् "फल दिने बेलामा रुखै काट्नुपर्ने अवस्था आयो"

हाम्रा संवाददाता/रासस

**गुल्मी,** असार २२/ "लटरम्म फलेका कफीका बोटमा सेतो गवारो लाग्यो । वर्षौंसम्म आफूले मेहनत गरेर हुर्काएका बोटहरु काट्नुपर्दा मन निरास भयो । कफीखेती कसरी जोगाउने भन्ने चिन्ताले मन पिरोलिरहेको छ", गुल्मीको रुरुक्षेत्र गाउँपालिका-१ भड्कुवाकी कफी किसान कृषक माया भट्टराईले भनिन् । यो उनको मात्र पीडा होइन । कफीको जननी जिल्ला भनेर चिनिने गुल्मीसहित अर्घाखाँची र प्यूठानका सयौं किसान अहिले यस्तै पीडामा छन् । रोगकीराको संक्रमण, गुणस्तरीय विरुवाको अभाव, प्राविधिक ज्ञानको कमी, सिँचाइ र बजार व्यवस्थापनलगायत चुनौतीले पछिल्लो समयमा कफी किसान चिन्तित बन्दै गएका हुन् ।



"गवारोले उठिबास लगायो । फल दिने बेलामा रुखै काट्नुपर्ने अवस्था आएको छ", अर्घाखाँचीको छत्रदेव गाउँपालिका-६ का कफी किसान हरिलाल पौडेलले भने, "किसानको लगानी खेर जाने अवस्था छ, उत्पादन सुरक्षित हुने वातावरण छैन ।" कफीको जिल्ला भनेर चिनिने गुल्मीमा उत्पादनका हिसाबले पनि इतिहास बोकेको छ । पछिल्ला वर्षमा यहाँका किसानले व्यावसायिक कफीखेतीलाई आयआर्जनको प्रमुख माध्यम बनाउँदै आएका छन् । तर, उत्पादन वृद्धि हुँदै जाँदा बोटमा देखिएका समस्या समाधान नहुँदा किसान निरास बन्न थालेका हुन् । यिनै समस्या पहिचान गरी समाधानका उपाय खोज्ने उद्देश्यले कफी विकास केन्द्र आँपचौर, गुल्मीले सदरमुकाम तम्घासमा कफी उत्पादक, निर्यातकर्ता तथा सहकारी संस्थासँग समन्वयमा समस्या समाधानार्थ कार्यक्रम सञ्चालन गरेको छ । कार्यालयको आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत यहाँ आयोजित कार्यक्रममा गुल्मी, अर्घाखाँची र प्यूठान जिल्लाका अगुवा कफी किसानको सहभागिता छ । कार्यक्रममा सहभागी किसानले कफीखेतीमा देखिएका समस्याबारे खुलेर आफ्ना अनुभव राखे । किसानले विशेषगरी सेतो गवारोको सङ्क्रमण अहिलेको सबैभन्दा जटिल समस्या बनेको बताए । यसबाहेक हिउँद याममा कफीका बेर्ना सुक्ने, बीउमा गुणस्तरको कमी हुँदा बिरुवा राम्रोसँग फस्टाउन नसक्ने, पातमा डढेलो जस्तो रोग लाग्ने तथा आवश्यक प्राविधिक ज्ञानको अभावले उत्पादनमा प्रत्यक्ष असर परेको किसानको भनाइ छ । पर्याप्त छहारी र सिँचाइको अभावले पनि कफीखेतीमा चुनौती थपिएको किसानको भनाइ छ । त्यस्तै, बजारीकरणमा एकरूपता नहुँदा उत्पादकले उचित मूल्य नपाउने र यसबाट किसानलाई आर्थिक घाटा हुने गरेको सहभागीहरूले बताए ।

*-बाँकी अन्तिम पेजमा...*

# गुल्मी जिप दुर्घटनामा एकको मृत्यु



**गुल्मी,** असार २२/गुल्मीमा जिप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । आइतबार राति साढे २ बजे रेसुंगाबाट तम्घास आउँदै गरेको लु १ ज १५२८ नम्बरको जिप दुर्घटना हुँदा तम्घासका १६ वर्षीय सुदीप नेपालीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

दुर्घटनामा परी प्युठानको नौबहिनी गाउँपालिका वडा नम्बर १ घर भई हाल रेसुङ्गा नगरपालिका ८ बस्ने १७ वर्षीय अर्जुन बुढाथोकी, बागलुङ भिमगिठ्ठे घर भई हाल रेसुङ्गा नगरपालिका वडा नम्बर-८ बसपार्क बस्ने १८ वर्षीय गणेश परियार र रेसुङ्गा नगरपालिका ९ चारीखोला बस्ने १८ वर्षीय आयुष गैरे घाइते भएका छन् ।

चालक र सहचालक भने फरार रहेका छन् । उनीहरुको खोजी कार्ष भइरहेको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ ।

# छुट्टाछुट्टै घटनामा आठ जनाको मृत्यु

**पाल्पा,** असार २२/ देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा परी आठ जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सवारी दुर्घटनामा परी तीन जना, डुवेर एक जना, करेन्ट लागेर एक जना, मृत अवस्थामा तीन जना रहेका छन् ।

कैलालीको धनगढी उपमहानगरपालिका-३ बोराडाडी चोकस्थित सडकमा कारले मोटरसाइकललाई ठक्कर दिई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । युपी ६५ ईएक्स ०१०० नम्बरको कारले से. ४ प ९५२ नम्बरको मोटरसाइकललाई ठक्कर दिई दुर्घटना हुँदा मोटरसाइकलमा सवार बैतडी सिगास गाउँपालिका-१ बस्ने ४८ वर्षीय पदम चन्दको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको मायामेट्रो अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको



हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल चालकको सिपी अस्पताल धनगढीमा उपचार भइरहेको छ । कार चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।यस्तै डोल्पाको जगदुल्ला गाउँपालिका-४ मौरेलेखस्थित सडकमा जीप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । माझगाउँबाट जुम्लातर्फ जाँदै गरेको क.प्र ००१ ज ००५२ नम्बरको बलेरो जीप अनियन्त्रित भई दुर्घटना हुँदा जीपमा सवार त्रिपुरासुन्दरी नगरपालिका-८ बस्ने ३८ वर्षीय बिष्णु बुढाको घटनास्थलमै मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका जीप चालक समेत जीपमा सवार अन्य ११ जनाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा उपचार भइरहेको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## डेंगी संक्रमण फैलिन नदेऊ

**पानी पर्न थालेपछि डेंगी संक्रमण समेत बढ्ने प्रक्षेपण गरिएको छ । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले डेंगी सङ्क्रमणको जोखिम बढ्ने भन्दै आवश्यक सर्तकता अपनाउन सबैमा अनुरोध गर्दै आएको छ । दैनिक पानी पर्न थालेपछि डेंगीको जोखिम बढ्न सक्ने बताइएको छ । वर्षायाम सुरु भएसँगै पानी जम्ने ठाउँहरू बढ्ने भएकाले डेंगी सार्ने एडिस जातका लामखुट्टेको प्रजनन पनि तीव्र हुन्छ । यस्तो अवस्थामा व्यक्तिगत, पारिवारिक र सामुदायिक स्तरमा आवश्यक सावधानी अपनाउन नसके संक्रमण व्यापक रूपमा फैलिन सक्छ । त्यसैले डेंगी नियन्त्रणका लागि सबै पक्षको सक्रिय सहभागिता अपरिहार्य छ ।**

**डेंगी एक व्यक्तिबाट अर्को व्यक्तिमा सिधै सर्दैन, तर संक्रमित लामखुट्टेको टोकाइबाट फैलिन्छ । घर वरिपरि रहेका पानी जम्ने भाँडा, पुराना टायर, गमला, कुलर, ड्रम तथा अन्य खुला भाँडामा लामखुट्टेले फुल पार्ने भएकाले यस्ता स्थान नियमित रूपमा सफा गर्नुपर्छ । हप्तामा कम्तीमा एक पटक पानी फेर्ने, अनावश्यक पानी जम्न नदिने र वातावरण सफा राख्ने बानीले डेंगीको जोखिम उल्लेखनीय रूपमा घटाउन सक्छ । डेंगी रोकथाममा स्थानीय सरकार, स्वास्थ्य संस्था, विद्यालय, सञ्चारमाध्यम र नागरिक सबैको साझा जिम्मेवारी हुन्छ । जनचेतना कार्यक्रम सञ्चालन गर्ने, लामखुट्टेको प्रजननस्थल नष्ट गर्ने अभियान चलाउने तथा आवश्यक स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध गराउने काम प्रभावकारी हुनुपर्छ । त्यस्तै, प्रत्येक नागरिकले लामखुट्टेको टोकाइबाट बच्न पूरा बाहुला भएका कपडा लगाउने, झुल प्रयोग गर्ने र आवश्यक परे लामखुट्टे भगाउने उपाय अपनाउनुपर्छ । यदि कसैलाई उच्च ज्वरो, टाउको दुख्ने, आँखाको पछाडी दुख्ने, शरीर तथा जोर्नी दुख्ने वा छालामा रातो दाग देखिने जस्ता लक्षण देखिएमा ढिलाइ नगरी स्वास्थ्य संस्थामा परीक्षण गराउनुपर्छ । समयमै उपचार र उचित सल्लाह पाएमा डेंगीका जटिल अवस्थाबाट बच्न सकिन्छ । अहिलेको अवस्थामा हेलचेक्र्याइँ गर्नुहुँदैन । त्यसले ज्यान पनि लिन सक्ने हुनाले उक्त अवस्था आउन नदिन स्वयम व्यक्ति आफै जिम्मेवार हुनैपर्छ ।**

## Opinion @ Social Network

बित्दै गरेको समय, झर्दै गरेको पात र
बदलिँदै गएको मान्छेले धेरै कुरा सिकाउँदो रहेछ।
*(सुवास पाण्डेको फेसबुक स्टाटसबाट www.facebook.com/Subash.Panday)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कुलतको सुरुङ र चेतनाको उज्यालो



**तोमनाथ उप्रेती**

मानिसको सबैभन्दा ठूलो युद्ध आफ्नै मनसँग हुन्छ । जब मानिसले आफ्नो विवेक गुमाउँछ, तब ऊ बाहिरी शत्रुभन्दा आफ्नै अनियन्त्रित इच्छाको कैदी बन्छ । लागुऔषध त्यही मानसिक कैदको अर्को नाम हो ।यो केवल एउटा रासायनिक पदार्थ मात्र होइन, बरु मानवीय चेतनामाथिको गम्भीर आक्रमण होह आत्मामाथि मडारिएको धुमिल बादल हो र विवेकलाई विस्तारै मार्ने मौन विष हो । यसले मानिसको शरीरलाई मात्र होइन, उसको सोच, संस्कार, परिवार र समग्र भविष्यलाई समेत ध्वस्त पार्ने अदृश्य शत्रुको काम गर्छ । त्यसैले लागुऔषधलाई केवल एउटा स्वास्थ्य समस्या वा कानुनी अपराधका रूपमा मात्र हेर्नु पर्याप्त हुँदैन । यो मानवीय चेतना, नैतिकता, आध्यात्मिकता र सभ्यतामाथिकै एउटा गम्भीर चुनौती हो । पूर्वीय दर्शनले मानिसलाई आफ्ना इन्द्रियहरूको स्वामी बन्न सिकाउँछ । श्रीमद्भगवद्गीताले मनलाई जित्न सक्ने मानिसलाई नै सच्चा विजेता मानेको छ । कठोपनिषद्ले शरीरलाई रथ, इन्द्रियलाई घोडा, मनलाई लगाम र बुद्धिलाई सारथीको रूपमा सुन्दर चित्रण गरेको छ । यदि लगाम कमजोर भयो भने घोडा अनियन्त्रित हुन्छ र बुद्धि निष्क्रिय भयो भने जीवन दुर्घटनामा परिणत हुन्छ । लागुऔषधले जीवनको यही लगाम काटिदिन्छ, विवेकलाई कमजोर बनाउँछ, आत्मसंयमलाई नष्ट गर्छ र निर्णय गर्ने क्षमता नै समाप्त पारिदिन्छ । त्यसपछि मानिस बाहिरबाट स्वतन्त्र देखिए पनि वास्तवमा भित्रबाट दास बनिसकेको हुन्छ । बाहिरी रूपमा ऊ हिँडिरहेको त देखिन्छ, तर आन्तरिक रूपमा ऊ कुलतको साङ्लोमा बाँधिएको हुन्छ । आज विश्व अभूतपूर्व वैज्ञानिक प्रगतितर्फ अघि बढिरहेको छ । कृत्रिम बुद्धिमत्ताको तीव्र विकास भइरहेको छ, अन्तरिक्ष अनुसन्धानले नयाँ उचाइ लिँदै छ र चिकित्सा विज्ञानले असम्भवजस्ता रोगहरूको उपचार खोजिरहेको छ । तर, यही उज्यालो समयको समानान्तरमा अर्को एउटा भयानक अन्धकार पनि फैलिरहेको छ, जुन लागुऔषधको अवैध संसार हो । संयुक्त राष्ट्रसंघको 'विश्व लागुऔषध प्रतिवेदन २०२५' ले विश्वभर लागुऔषध प्रयोगकर्ताको संख्या निरन्तर बढिरहेको डरलाग्दो तथ्य प्रस्तुत गरेको छ । यो बढ्दो संख्या केवल तथ्यांक मात्र होइनह यो त करोडौं परिवारको आँसु, लाखौं युवाको हराएको भविष्य र हजारौं आमाबुबाको मौन पीडा हो । तथ्यांकले त केवल संख्या देखाउँछ, तर त्यसभित्र लुकेको टुटेको परिवार, उजाडिएको घर, रोइरहेकी आमा र बिस्तारै मर्दै गएको चेतनाको क्रन्दनलाई देखाउन सक्दैन । लागुऔषधको सबैभन्दा ठूलो क्षति शरीरमा मात्र हुँदैन । शरीरको रोग त उपचारबाट निको हुन सक्छ, तर चेतनाको उपचार निकै कठिन हुन्छ । एकपटक मानिसको विवेकमा अन्धकार छाएपछि उसले सही र गलतको सीमा छुट्याउन सक्दैन । उसको आत्मसम्मान हराउँछ, नैतिकता कमजोर हुन्छ र आपसी विश्वास टुट्छ । परिणामस्वरुप, मानिस आफ्नो परिवारबाट टाढिन्छ, समाजबाट अलगिन्छ र बिस्तारै आफ्नै अस्तित्वबाट पनि विच्छेद हुन पुग्छ । यही कारणले लागुऔषधले मानिसको सम्पूर्ण सुखद सम्बन्धहरूलाई जरैदेखि नष्ट गरिदिन्छ । आध्यात्मिक दृष्टिले हेर्ने हो भने लागुऔषधले मानिसलाई वर्तमान क्षणको जीवन्तताबाट अलग गराइदिन्छ । जीवनको वास्तविक आनन्द त आत्मज्ञान, सेवा, प्रेम, परिश्रम र सन्तोषमा निहित हुन्छ । तर, लागुऔषधले कृत्रिम आनन्दको एउटा झुटो भ्रम सिर्जना गर्छ । केही क्षणको नशाले वास्तविक पीडालाई लुकाउन त सक्ला, तर पीडाको मूल कारणलाई हटाउन सक्दैनह बरु त्यसलाई अझ गहिरो र दर्दनाक बनाउँछ । यो मरुभूमिमा देखिने मृगतृष्णाजस्तै हो, जहाँ टाढाबाट पानी देखिए पनि नजिक पुग्दा केवल तातो बालुवा मात्र भेटिन्छ । लागुऔषध पनि सुखको भ्रम बेच्ने एउटा आत्मघाती व्यापार हो, जसको अन्त्य सधैं महादुःखमा हुन्छ । लागुऔषधको संसारमा प्रवेश गर्ने अधिकांश युवाको उद्देश्य सुरुमै अपराधी बन्नु हुँदैन । धेरैजसोले केवल कौतुहलता र जिज्ञासाका कारण यसको सुरुवात गर्छन् । कतिपयले साथीभाइको दबाबमा पहिलो चुरोट तान्छन्, कतिपयले मानसिक तनावबाट भाग्न खोज्छन्, कतिले असफलताको पीडा बिर्सन यसको सहारा लिन्छन् त कतिपयले आधुनिकताको गलत अर्थ बुझेर यसको दलदलमा खुट्टा हाल्छन् । तर, एउटा सानो प्रयोग विस्तारै बानी बन्छ, बानी लतमा परिणत हुन्छ र अन्ततः त्यो लतले मानिसको चरित्रमाथि नै कब्जा जमाउँछ । त्यसपछि मानिसले लागुऔषध प्रयोग गरिरहेको हुँदैन, बल्कि लागुऔषधले मानिसलाई कठपुतली झैँ प्रयोग गर्न थाल्छ । आजको भौतिकवादी समाजमा बाहिरी उपलब्धिलाई मात्र सफलताको मापन मान्न थालिएको छ, जसले गर्दा मानिसको भित्री शान्ति हराउँदै गएको छ । परिवारभित्र आत्मिय संवाद घट्दै गएको छ, विद्यालयहरूमा नैतिक शिक्षाभन्दा तीव्र प्रतिस्पर्धाले प्राथमिकता पाएको छ र सामाजिक सञ्जालले मानिसहरूमाझ एकापसमा तुलना गर्ने प्रवृत्ति बढाएको छ । यसले गर्दा समाजमा एक्लोपन र मानसिक तनाव बढेको छ । यिनै मानवीय कमजोरीहरूलाई लागुऔषधको अवैध सञ्जालले आफ्नो व्यवसाय बढाउने अवसरका रूपमा उपयोग गरिरहेको छ । जहाँ जीवनप्रतिको आशा कमजोर हुन्छ, त्यहाँ कुलतले छिटो जरा गाड्छ । जहाँ परिवार विखण्डित हुन्छ, त्यहाँ नशाले छिट्टै आफ्नो घर बनाउँछ र जहाँ प्रेमको अभाव हुन्छ, त्यहाँ विषले सजिलै स्थान पाउँछ । यसैले, लागुऔषधविरुद्धको यो लडाइँ केवल सुरक्षा निकाय वा प्रहरीको मात्र जिम्मेवारी होइन । यो त परिवार, विद्यालय र समग्र समाजको साझा दायित्व हो । धर्म, दर्शन, शिक्षा, स्वास्थ्य र राज्य सबैको सामूहिक उत्तरदायित्व यसमा जोडिएको छह किनकि लागुऔषधले एउटा व्यक्तिलाई मात्र मार्दैन, यसले त सिङ्गो पुस्ताको चेतनालाई नै अपाङ्ग बनाउँछ । चेतना कमजोर भएको समाज कहिल्यै पनि समृद्ध र सभ्य बन्न सक्दैन । त्यसैले, लागुऔषधविरुद्धको यो अभियान केवल अपराध नियन्त्रणको प्रशासनिक कार्य मात्र होइन, यो त मानवता र सभ्यता बचाउने महान् अभियान हो । लागुऔषधले शरीरमा प्रवेश गर्नुभन्दा पहिले मानिसको सोच र विचारमा प्रवेश गर्छ । कुनै पनि युवा जन्मँदै कुलतमा फसेको हुँदैन । जन्मँदा प्रत्येक बालक शुद्ध, निर्मल मन र उज्याला सपनाहरू बोकेर आएको हुन्छ । तर विस्तारै वातावरण बदलिन्छह परिवारमा आत्मीय संवाद हराउँछ, समाजमा आपसी विश्वास कमजोर बन्छ, विद्यालयमा चरित्र निर्माणभन्दा अंक ल्याउने प्रतिस्पर्धा बढ्छ र साथीभाइको गलत सङ्गत हाबी हुन थाल्छ । सामाजिक सञ्जालले देखाउने कृत्रिम जीवनशैलीले युवाहरूलाई झन् आकर्षित पारिदिन्छ । त्यसपछि मानिसले वास्तविक जीवनको संघर्षभन्दा सजिलो र कृत्रिम आनन्द खोज्न थाल्छ । यही कमजोरीको बीचमा लागुऔषधले आफ्नो महाजाल फैलाउँछ । त्यसैले लागुऔषध कुनै सामान्य पदार्थको व्यापार मात्र होइन, यो त भ्रमको महाव्यापार होह आशा र ऊर्जा हराएका मानिसहरूलाई झुटो सुख बेचेर बर्बाद पार्ने अँध्यारो संसार हो । जब विवेक बलियो हुन्छ, मानिसले कठिन परिस्थितिमा पनि सही र दूरगामी निर्णय लिन सक्छ । तर जब वासना हाबी हुन्छ, मानिस क्षणिक आनन्दका लागि आफ्नो दीर्घकालीन जीवन नष्ट गर्न पनि तयार हुन्छ । लागुऔषधले मानिसको यही मानसिक कमजोरीको फाइदा उठाउँछ । यसले मस्तिष्कलाई केही समयका लागि आनन्दको झुटो महसुस गराउँछ र बिस्तारै शरीरले सधैं त्यसैको माग गर्न थाल्छ । अन्ततः मानिस आफ्नो इच्छाको मालिक रहँदैन, ऊ आफ्नै घातक लतको दास बन्न पुग्छ । यही मानसिक दासता नै आधुनिक युगको सबैभन्दा ठूलो र भयानक गुलामी हो । हाम्रा दूरदर्शी ऋषिमुनिहरूले आत्मसंयमी हुनुलाई नै संसारको सबैभन्दा ठूलो विजय मानेका थिए । श्रीमद्भगवद्गीतामा भगवान् कृष्णले भन्नुभएको छ- जसले आफ्नो मनलाई जितेको छ, मन उसको सच्चा मित्र हो र जो मनसँग हारेको छ, मन नै उसको सबैभन्दा ठूलो शत्रु हो । यो शाश्वत शिक्षा आजको आधुनिक युगमा झन् बढी सान्दर्भिक बनेको छ । लागुऔषधले मानिसलाई बाहिरी शत्रुसँग होइन, आफ्नै मनसँग हार्न बाध्य बनाउँछ । जब व्यक्ति मनसँग हार्छ, तब बिस्तारै उसको परिवार हार्छ, समाज हार्छ र अन्ततः सिङ्गो राष्ट्र नै कमजोर बन्न पुग्छ । आज संसारमा गाँजा, अफिम, हेरोइन, कोकिन, मेथाम्फेटामिन, फेन्टानिल, एलएसडी र सयौं प्रकारका सिन्थेटिक लागुऔषधहरू महामारीका रूपमा फैलिएका छन् । प्रत्येक पदार्थको रासायनिक संरचना र नाम फरक-फरक हुन सक्छ, तर तिनको अन्तिम परिणाम एउटै हुन्छ- चेतनाको विनाश, आत्मविश्वासको पतन, नैतिकताको क्षय, सम्बन्धहरूको विघटन र जीवनप्रतिको सम्मानको समूल अन्त्य । सुरुमा मानिसले रहरले लागुऔषध प्रयोग गरे पनि केही समयपछि लागुऔषधले मानिसलाई आफ्नो इसारामा नचाउन थाल्छ र अन्ततः मानिसले आफ्नो मानवीय पहिचान नै गुमाउन पुग्छ । लागुऔषधले सबैभन्दा पहिले व्यक्तिको जग अर्थात् परिवारमाथि प्रहार गर्छ । कुनै पनि घर अचानक भत्किँदैनह पहिले आपसी विश्वास टुट्छ, त्यसपछि संवाद हराउँछ, शंका-उपशंका जन्मिन्छ र अन्ततः सुन्दर सम्बन्धहरू विखण्डित हुन्छन् । एउटी आमा रातभरि ढोकामा आँखा गाडेर छोराको प्रतीक्षामा बसिरहन्छिन्, एउटा बुबा आफ्नो असहायपन र भित्री रोदन लुकाएर समाजका अगाडि कृत्रिम रूपमा मुस्कुराउने प्रयास गर्छन्, दाजुभाइबीच दूरी बढ्छ र श्रीमान्श्री-मतीबीचको पवित्र विश्वास धराशायी हुन्छ । बालबालिकाहरूले आफ्नो सुरक्षित र सुन्दर बाल्यकाल गुमाउँछन् । लागुऔषधले एउटा व्यक्तिलाई मात्र होइन, उसको सम्पूर्ण परिवारलाई नै मानसिक कैदी बनाइदिन्छ । यसरी एउटाको कुलत सिंगो परिवारको आजीवन पीडा बन्न पुग्छ । समाजमा यसको नकारात्मक प्रभाव अझ बढी गहिरो र भयानक हुन्छ । जहाँ लागुऔषधको सङ्क्रमण फैलिन्छ, त्यहाँ चोरी, डकैती, हिंसा, घरेलु कलह र यौनजन्य अपराधहरू तीव्र रूपमा बढ्छन् । मानव बेचबिखनको जोखिम बढ्छ र संगठित अपराधका सञ्जालहरू बलिया हुँदै जान्छन् । अवैध धनको कारोबारसँगै भ्रष्टाचार मौलाउँछ र कानुनप्रतिको सम्मान शून्य बन्न पुग्छ । फलस्वरूप, समाजमा भय र अविश्वासको वातावरण निर्माण हुन्छ । त्यसपछि राज्यका सामु विकासका योजनाहरू अघि बढाउनुभन्दा सुरक्षा चुनौतीको सामना गर्नु ठूलो समस्या बन्न थाल्छ । अस्पतालहरू कुलतका बिरामीले भरिन्छन्, कारागारहरू अपराधीले भरिन्छन् र अदालतमा मुद्दाहरूको चाङ लाग्छ । राज्यको ठूलो बजेट र स्रोतसाधन सिधै विकासमा खर्च हुनुको साटो कुलतको उपचार, अनुसन्धान र नियन्त्रण जस्ता अनुत्पादक क्षेत्रमा खर्चिनुपर्ने बाध्यता आउँछ । यसरी लागुऔषधले केवल जनस्वास्थ्यलाई मात्र होइन, देशको अर्थतन्त्रलाई समेत धराशायी बनाउँछ । तर, यदि चेतना नै कुलतको कालो सुरुङभित्र सदाका लागि हरायो भने, संसारको कुनै पनि भौतिक विकास, अत्याधुनिक प्रविधि वा अथाह सम्पत्तिले पनि त्यो मानवीय क्षतिको पूर्ति कहिल्यै गर्न सक्दैन ।

*-डिसी नेपाल डटकम*

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : जीवनमा सफलता मिल्नेछ। आफन्तहरूको मध्य रमाइलो समय बित्नेछ। | **तुला**: मनमा नकारात्मक विचार आउनेछ। समयमा मित्रहरूको सहयोग मिल्नेछ। |
| **वृष** : पेशामा मिठो बोल्ने प्रयास गर्नुहोस्। छरछिमेकीको सहयोग मिल्नेछ। | **वृश्चिक** : कारोबार योजनाहरू बन्नेछन्। बुद्धिको उपयोगले लाभ उठाउन सकिनेछ। |
| **मिथुन** : व्यापार व्यवसायमा रिसाएका मित्रहरूलाई सन्तुष्ट गर्न सकिनेछ। | **धनु** : चालिएको कदम लाभदायक बन्नेछ। आर्थिक व्यवस्थित गर्ने समय आएको छ। |
| **कर्कट** : शुभचिन्तकको सल्लाह लिनुहोस्। स्वास्थ्यमा ध्यान राख्नुहोला। | **मकर** :केही चुनौती आए पनि धैर्य नगुमाउँदा आफ्नै पक्षमा मोडिन सक्छ। |
| **सिंह** : साहित्यको क्षेत्रमा सफलता मिल्नेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। | **कुम्भ** : समय निकै उपयोगी बन्न सक्छ। हतारभन्दा संयमले राम्रो साथ दिनेछ। |
| **कन्या** : कानुनी मामलाहरू सुल्झिनेछन्। आफ्नो सामाजिक स्तर बढाउन सक्नुहुनेछ। | **मीन** : नयाँ वातावरणसँग जोडिने अवसर आउनेछ। स्वास्थ्यलाई लिएर सचेत रहनुहोस्। |

## विज्ञान/सूचना प्रविधि

# इन्स्टाग्रामले 'योर् अल्गोरिदम' फिचर विस्तार गर्दै




सामाजिक सञ्जाल इन्स्टाग्रामले आफ्ना प्रयोगकर्ताहरूलाई फिड तथा रिल्सको रेकमेन्डेसन माथि थप नियन्त्रण प्रदान गर्न थप सुविधाहरूको परीक्षण सुरु गरेको छ । यस अपडेटको मुख्य उद्देश्य प्रयोगकर्ताहरूले एपभित्र कुन विषयका सामग्रीहरू मन पराउँछन् वा मन पराउँदैनन् भन्ने कुरा सहजै सिस्टमलाई जानकारी गराउन सक्ने वातावरण निर्माण गर्नु हो । इन्स्टाग्रामका प्रमुख एडम मोजेरीका अनुसार, कम्पनीले प्रयोगकर्ताहरूलाई यस विकल्पबारे बढी सचेत गराउन र अल्गोरिदम नियन्त्रण गर्ने सुविधाहरूमा सहज पहुँच पुऱ्याउन विभिन्न उपायहरू खोजिरहेको छ । यो नयाँ सुविधा एपमा पहिलेदेखि नै उपलब्ध 'योर् अल्गोरिदम' विकल्पकै परिमार्जित रूप हो, जसलाई अहिले क्रमिक रूपमा सबै प्रयोगकर्तामाझ विस्तार गरिँदैछ । मोजेरीले भनेका छन्, 'हामी 'योर् अल्गोरिदम' फिचरलाई इन्स्टाग्रामभरि थप उपयोगी र प्रत्यक्ष रूपमा उपस्थित गराउने काम गरिरहेका छौँ । यसमध्ये केहीको अहिले परीक्षण भइरहेको छ, केही चाँडै आउँदैछन् भने केहीले सोचे अनुरूप काम नगर्न पनि सक्छन् ।' मोजेरीले इन्स्टाग्रामले विचार गरिरहेका चारवटा सम्भावित उदाहरणहरू पनि साझा गरेका छन होम स्क्रिनबाटै सहज पहुँच: पहिलो विकल्प अन्तर्गत प्रयोगकर्ताहरूले होम स्क्रिन मा स्क्रिनलाई तलतिर थिचेर तानेपछि (ड्र्याग डाउन) सिधै 'योर् अल्गोरिदम' प्यानलमा पुग्न सक्नेछन् । त्यहाँ उनीहरूले आफ्नो पूर्वसंलग्नताका आधारमा प्रणालीले लिंक गरिदिएका विषयहरूलाई थप्न वा हटाउन पाउनेछन् । 'टपिक कन्ट्रोल' : इन्स्टाग्रामले रिल्स स्क्रोल गर्दै गर्दा भिडियोहरूको बीचमै सिधै 'टपिक कन्ट्रोल' विकल्प राख्नेबारे पनि विचार गरिरहेको छ । तल्लो फङ्सन बारमा बटन: सिफारिस गरिएका रिल्सहरूका लागि स्क्रिनको तल्लो भागमा रहने फङ्सन बारमै नियन्त्रण विकल्पहरू उपलब्ध गराइनेछ । जसका माध्यमबाट प्रयोगकर्ताहरू सजिलै 'योर् अल्गोरिदम' स्क्रिनमा पुगेर आफूलाई उक्त सामग्रीमा रुचि भए-नभएको संकेत दिन सक्नेछन् । संवादात्मक (कन्वरसेसनल) प्रम्प्ट: इन्स्टाग्रामले प्रयोगकर्ताको रुचि परिष्कृत गर्न एउटा कन्वरसेसनल शैलीको प्रम्प्टको पनि परीक्षण गरिरहेको छ । यसले गर्दा प्रयोगकर्ताहरूले कुनै विशिष्ट विषय नै नतोकी केवल कुराकानीकै शैलीमा आफ्नो फिडलाई सुधार्न सक्नेछन् । मोजेरीका अनुसार, आदर्श रूपमा यसले अल्गोरिदमलाई 'तपाईंमाथि लादिएको केही कुरा भन्दा पनि तपाईंले संवाद गर्न सक्ने माध्यम' जस्तो महसुस गराउनेछ ।

**संकलन गरिएको तथ्यांक के भन्छ ?**

सेक्युरिटी चेन्जेस, डाटा संरक्षण र फिड प्राथमिकताका सवालमा प्रयोगकर्ताहरू सधैं आफ्नो नियन्त्रण चाहन्छन् । तर, व्यावहारिक रूपमा अल्गोरिदम-कन्ट्रोल्ड युगमा धेरैजसो मानिसहरू सेटिङ्सभित्र गएर क्युरेट गर्नुभन्दा सिधै स्क्रोल गर्न र प्रणालीले नै आफ्ना प्राथमिकताहरू बुझोस् भन्ने चाहन्छन् । यद्यपि, यो प्रयास चाखलाग्दो भए तापनि यसले प्रयोगकर्ताका सबै चिन्ताहरूलाई सम्बोधन भने गर्दैन । अधिकांश इन्स्टाग्राम प्रयोगकर्ताहरूले आफूले म्यानुअल रूपमा फलो गरेका एकाउन्ट र प्रोफाइलका सामग्रीहरू मात्र देखाउने फिडको माग निरन्तर गर्दै आएका छन् । तर, मेटाले यसलाई पूर्ण रूपमा स्वीकार गरेको छैन, किनभने केवल प्रयोगकर्ताको रोजाइमा छोड्नु भन्दा अल्गोरिदम-निर्देशित अनुभवले प्रयोगकर्ताहरूलाई एपमा धेरै समयसम्म इनगेज गर्न मद्दत गर्छ । त्यस अर्थमा, मेटाको यो अल्गोरिदम नियन्त्रण विकल्प वास्तविक नियन्त्रण भन्दा पनि प्रयोगकर्तालाई 'नियन्त्रणमा रहेको महसुस गराउने' एउटा भ्रम मात्र हुनसक्ने विश्लेषकहरूको बुझाइ छ । मेटाले प्रयोगकर्ताको समय र संलग्नता घट्ने गरी धेरै म्यानुअल नियन्त्रण दिने जोखिम मोल्ने सम्भावना कमै छ, तर प्रयोगकर्ताहरूले चाँडै नै इन्स्टाग्रामको अल्गोरिदमलाई आफ्नो रुचि सिकाउने थप केही नयाँ माध्यमहरू भने पाउने देखिन्छ । ***-अनलाइन खबर डटकम***

# प्रयोग नगरिएका एपहरू फोनको गोपनीयताको लागि हुन्छन् ठूलो खतरा



तपाईंको फोनमा यस्ता एपहरू छन् जुन तपाईंले महिनौंदेखि प्रयोग गर्नुभएको छैन ? यदि छन् भने तिनलाई हटाउने समय आएको छ । मानिसहरू प्राय: कुनै विशेष उद्देश्यका लागि एप डाउनलोड गर्छन्, तर काम सकिएपछि यी एपलाई मेटाउन बिर्सन्छन् वा फोनमा त्यस्तो कुनै एप छ भन्ने कुरा नै भुल्छन् । यी बेकार एपहरूले फोनको स्टोरेज त खान्छन् नै तपाईंका व्यक्तिगत जानकारी, फोनको कार्यसम्पादन र अनलाइन सुरक्षामा पनि ठूलो जोखिम निम्त्याउन सक्ने साइबरसुरक्षा विज्ञहरू बताउँछन् । किन खतरनाक हुन्छन् पुराना र बेकार एपहरू ? धेरै एपहरू यस्ता हुन्छन् जुन प्रयोगकर्ताले एक वा दुई पटक प्रयोग गर्छन्, तर त्यसपछि तिनीहरूको आवश्यकता पर्दैन वा बिर्सिन्छन् । यद्यपि, यी एपहरू पृष्ठभूमिमा चलिरहन्छन् र क्यामेरा, माइक्रोफोन, स्थान, सम्पर्क र फोटोजस्ता संवेदनशील अनुमतिको प्रयोग गरी राख्न सक्छन् । यदि यस्ता एपमा पछि सुरक्षा जोखिम पत्ता लाग्यो वा यसमा भएका डेटा लीक भयो भने तपाईंको व्यक्तिगत जानकारी जोखिममा पर्न सक्छ ।

**यी एपहरूले कस्ता खतराहरू निम्त्याउन सक्छन ?**

साइबरसुरक्षा विज्ञहरू फोनमा इन्स्टल गरिएका सबै एपहरूको समय-समयमा समीक्षा गर्न सिफारिस गर्छन् । अनावश्यक एपहरू तुरुन्तै हटाउनु पर्छ । लामो समयसम्म प्रयोग नगरिएका एपहरू पनि साइबर अपराधीहरूको लागि सजिलो लक्ष्य बन्न सक्छन् ।

**फोनको गति र ब्याट्रीको आयुलाई गर्छ असर**

यति मात्र होइन, प्रयोग नगरिएका एपहरूले पृष्ठभूमिमा इन्टरनेट प्रयोग गर्न, सूचनाहरू पठाउन र स्वचालित रूपमा अपडेटहरू डाउनलोड गर्न जारी राख्छन् । यसले ब्याट्री छिटो खपत गर्छ, बढी मोबाइल डेटा खपत गर्छ र फोनको कार्यसम्पादनमा असर गर्छ । प्रयोगमा नभएको बेला पनि एपहरूले डेटा सङ्कलन गर्न जारी राख्छन् धेरै मोबाइल एपहरूले प्रयोगकर्ताको स्थान, फोन प्रयोगको बानी र अन्य जानकारी निरन्तर सङ्कलन गर्छन् । तपाईंले महिनौंसम्म तिनीहरूलाई खोल्नुभएको छैन भने पनि एपले यी जानकारी संकलन गरिरहेका हुन्छन् । यसैले अनावश्यक एपहरूलाई आफ्नो फोनमा राख्नुलाई गोपनीयताको ठीक मानिँदैन ।

**भण्डारण खाली गर्ने सजिलो तरिका**


पछिल्लो समय धेरै एपहरूको आकार ५०० एमबीदेखि १ जीबी वा सोभन्दा बढी हुन्छ । तपाईंले अब प्रयोग नगर्ने एपहरू हटाउनाले महत्त्वपूर्ण स्टोरेज ठाउँ खाली गर्न र उपकरणको कार्यसम्पादन सुधार गर्न सक्छ । यदि तपाईंलाई भविष्यमा एपको आवश्यकता पर्न सक्छ भन्ने लाग्छ भने, यसलाई पूर्ण रूपमा मेटाउनुको सट्टा, आईफोनमा एप अफलोड सुविधा र एन्ड्रोइडमा एप आर्काइभ सुविधा प्रयोग गर्न सकिन्छ । यसले एप हट्नेछ तर यसको डेटा सुरक्षित रहनेछ र आवश्यक परेमा सजिलै पुन: स्थापना गर्न सकिन्छ ।

**कति समयमा गर्नु पर्छ एपको सफाई ?**

साइबर सुरक्षा विशेषज्ञहरूले प्रत्येक तीन महिनामा एक पटक आफ्नो फोनको एप सूची जाँच गर्न सिफारिस गर्छन् । आफ्नो फोन सुरक्षित, छिटो र व्यवस्थित राख्न तपाईंले लामो समयदेखि प्रयोग नगरेका एपहरू हटाउनुहोस् । लामो समयदेखि प्रयोग नगरेका एपमा खाता पनि बन्द गर्नुस् मानिसहरूले प्राय: एउटा गल्ती गर्छन् । एपलाई सिधैं अनइन्स्टल गरिदिन्छन् । तपाईंले कुनै एप लामो समयसम्म चलाउनु भएको छैन भने सो एपबाट लग आउट गर्नुहोस्, । यदि तपाईंलाई अब यसको आवश्यकता छैन भने सम्बन्धित खाता नै डिलिट गरिदिनुहोस् । यसले तपाईंको व्यक्तिगत जानकारी कम्पनीको सर्भरमा लामो समयसम्म स्टोर वा बचत गरिएको छैन भनेर सुनिश्चित गर्नेछ, जसले गर्दा डाटा चुहावटको जोखिम कम हुनेछ ।

***-रातोपाटी डटकम***

# एआई चिप्स र डाटा सेन्टरमा सामसङ र एसकेले खर्बौं डलर स्वदेशमै खर्चिने



दक्षिण कोरियाका प्रमुख मेमोरी चिप निर्माता कम्पनीहरू सामसङ इलेक्ट्रोनिक्स र एसके हाइनिक्सले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) का लागि आवश्यक चिपको बढ्दो मागलाई सम्बोधन गर्न ऐतिहासिक परिमाणको लगानी योजना घोषणा गरेका छन् । राष्ट्रपति ली जे म्युङद्वारा आयोजित एक राष्ट्रिय ब्रिफिङमा एसके समूहका अध्यक्ष चे ताए-वोनले नयाँ सेमिकन्डक्टर उत्पादन लाइन निर्माणका लागि मात्रै १ हजार १०० ट्रिलियन वन (करिब ७१३ अर्ब अमेरिकी डलर) लगानी गर्ने बताए । यसका साथै एआई डाटा सेन्टरहरूका लागि थप १ हजार ट्रिलियन वन (करिब ६४८ अर्ब अमेरिकी डलर) लगानी गर्ने जानकारी दिँदै अध्यक्ष चेले आफ्नो समूहले आगामी १० वर्षसम्म वार्षिक औसत १०० ट्रिलियन वन (करिब ६५ अर्ब डलर) भन्दा बढी स्वदेशी लगानीलाई निरन्तरता दिने स्पष्ट पारे । यसैगरी, सामसङ इलेक्ट्रोनिक्सका अध्यक्ष ली जे-योङले नयाँ सेमिकन्डक्टर उत्पादन लाइनका लागि दक्षिण-पश्चिमी सहर ग्वाङ्जुलाई सम्भावित स्थलका रूपमा विचार गरिरहेको बताए । उनले चुङचेओङ प्रान्तमा उच्च ब्यान्डविथ मेमोरी (एचबीएम) उत्पादन केन्द्र निर्माण गर्ने र उत्तर ग्येओङसाङ प्रान्तमा एआई डाटा सेन्टर तथा रोबोटिक्सका क्षेत्रमा लगानी केन्द्रित गर्ने योजना रहेको खुलासा गरे । चिप बजारमा आफ्नो वैश्विक वर्चस्व कायम राख्न ठूलो मात्रामा हुन लागेको यस स्वदेशी लगानीप्रति राष्ट्रपति लीले विशेष आभार प्रकट गरे । उनले देशको अर्थतन्त्र र प्रविधि क्षेत्रमा यसले ठूलो फड्को मार्ने विश्वास व्यक्त गर्दै सरकारको तर्फबाट आवश्यक सम्पूर्ण नीतिगत तथा व्यावहारिक सहयोग रहने प्रतिबद्धता समेत जनाए ।

***-हाम्रा कुरा डटकम***

# ह्वाट्सएपको नयाँ सुविधामा भारतको आपत्ति



भारत सरकारले अनलाइन ठगी र नक्कली परिचय प्रयोग गरेर हुने साइबर अपराध बढ्ने चिन्ता व्यक्त गर्दै मेटालाई ह्वाट्सएपको 'प्रयोगकर्ता नाम' (युजरनेम) सुविधा तत्काल लागू नगर्न आग्रह गरेको छ । सरकारले यसबारे आवश्यक परामर्श पूरा नभएसम्म सुविधा सार्वजनिक नगर्न पत्रमार्फत अनुरोध गरेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् । मेटाले सोमबार प्रयोगकर्ताले आफ्नो फोन नम्बर सार्वजनिक नगरी छुट्टै प्रयोगकर्ता नाममार्फत एकअर्कासँग सम्पर्क गर्न सक्ने नयाँ सुविधा विश्वभर ल्याउने घोषणा गरेको थियो । गोपनीयता बढाउने उद्देश्यले ल्याउन लागिएको यो सुविधा भारतमा भने ठगी गर्ने समूहले नक्कली परिचय बनाएर प्रयोगकर्तालाई झुक्याउन सक्ने सरकारको चिन्ता छ । इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले मेटालाई पठाएको पत्रमा नयाँ सुविधाका कारण अनलाइन ठगी, फिसिङ, डिजिटल गिरफ्तारीजस्ता ठगी र नक्कली परिचय प्रयोगका घटना बढ्न सक्ने उल्लेख गरिएको छ । सरकारी अधिकारीलाई उद्धृत गर्दै इन्डियन एक्सप्रेसले प्राविधिक ज्ञान कम भएका प्रयोगकर्तालाई नक्कली प्रयोगकर्ता नाममार्फत ठगिन सक्ने जोखिम बढी रहने जनाएको छ । भारत ह्वाट्सएपको सबैभन्दा ठूलो बजार हो । भारतमा ५० करोडभन्दा बढी प्रयोगकर्ता रहेका छन् । पछिल्ला वर्षहरूमा देशमा साइबर ठगी तीव्र रूपमा बढ्दै गएको छ । सरकारी तथ्याङ्कअनुसार सन् २०२५ मा भारतीय नागरिकले साइबर ठगीका कारण करिब तीन अर्ब अमेरिकी डलर बराबरको क्षति बेहोरेका छन् । यो सन् २०२१ को तुलनामा करिब ४० गुणा बढी हो । मेटाले भने उक्त सुविधा भारतमा अझै सुरु नभएको स्पष्ट पारेको छ । कम्पनीका अनुसार सार्वजनिक व्यक्तित्व र प्रमाणित खाताका प्रयोगकर्ता नाम पहिले नै सुरक्षित राखिएको छ, जसले नक्कली परिचय प्रयोगको जोखिम कम गर्नेछ । साथै, प्रयोगकर्ता नाम प्रयोग गरे पनि ह्वाट्सएप चलाउन फोन नम्बर अनिवार्य रहने र ठगी रोक्न बहुस्तरीय सुरक्षा संयन्त्र समावेश गरिएको कम्पनीले जनाएको छ । यसैबीच, मेटाले गत महिना भारतीय फिनटेक उद्यमी कुणाल शाहलाई ह्वाट्सएपको नयाँ प्रमुख नियुक्त गरेको थियो । चीनको टेन्सेन्ट स्वामित्वको वीच्याटमा भने प्रयोगकर्ता नामको सुविधा पहिलेदेखि नै उपलब्ध छ । ***-रासस***

# आगलागीबाट विभिन्न धनमाल जलेर नष्ट



**पाल्पा,** असार २२/देशका विभिन्न स्थानमा भएको आगलागीबाट लाखौंको धनमाल जलेर जष्ट भएको छ । रूपन्देही, बारा र सप्तरीमा भएको आगलागीबाट लाखौंको धनमाल जलेर नष्ट भएको हो ।

रूपन्देहीको कोटहीमाई गाउँपालिका-१ पडरहवामा घरमा आगलागी हुँदा दुई लाख रूपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको प्रहरीले जनाएको छ । सोही ठाउँका इसु भाड, झगदु भाड र मुन्टेजिरमुसलमानको भान्सा घरमा आगलागी भएको हो । लागलागी हुँदा त्यहाँ भएका सरसमान जलेको प्रहरीले जनाएको छ । प्रहरीले स्थानीय बासिन्दा तथा दमकलको सहयोगमा तत्काल आगलागी नियन्त्रणमा लिएकाले ठूलो क्षति भने हुन नपाएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

यस्तै सप्तरीको सप्तकोशी नगरपालिका-९ कमलपुरमा गोठमा आगलागी हुँदा दुई लाख बराबरको धनमाल जलेर नष्ट भएको प्रहरीले जनाएको छ । सोही ठाउँ बस्ने कुशेश्वर यादवको गोठमा विद्युत सर्ट भई आगलागी हुँदा करिब २ लाख रूपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको हो । यस्तै बाराको महागढीमाई नगरपालिका-८ जोलगावामा पनि घरमा लागलागी हुँदा आठ लाख बराबरको भौतिक क्षति भएको छ । सोही ठाउँका ६४ वर्षीय अन्नत प्रसाद यादवको घरमा आगलागी हुँदा करिब ८ लाख रूपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको प्रहरीले जनाएको छ । तीन वटै घटनाको प्रहरीले थप अनुसन्धान अगाडि बढाएको छ ।

## गवारोले कफी...

...कार्यक्रममा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, गुल्मीका प्रमुख नवराज पण्डित, कफी विकास केन्द्र आँपचौरका वरिष्ठ बागवानी अधिकृत राहुल पाण्डे, कृषि ज्ञान केन्द्र गुल्मीका प्रमुख नरेश धिताल तथा जिल्ला सहकारी सै गुल्मीका उपाध्यक्ष सोमनाथ सापकोटाले किसानले उठाएका जिज्ञासाको जवाफ दिँदै कफी क्षेत्रका समस्या समाधानका लागि सबै सरोकार भएका निकायबीच समन्वय र सहकार्य अपरिहार्य रहेको बताए । उनीहरूले कफी उत्पादनदेखि प्रशोधन, बजारीकरण र निर्यातसम्मलाई व्यवस्थित बनाउन किसान, सहकारी, सरकारी निकाय, स्थानीय पालिका र निजी क्षेत्रबीचको सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिए । साथै उनीहरूले रोग तथा कीरा नियन्त्रण, गुणस्तरीय बिरुवा उत्पादन, प्राविधिक सेवा विस्तार र बजार व्यवस्थापनलाई प्राथमिकतामा राखेर अघि बढ्नुपर्ने धारणा व्यक्त गरे । नेपालमा व्यावसायिक कफीखेतीको सुरुआत भएको जिल्ला गुल्मीमा अहिले एक हजार ८ सय भन्दाबढी किसान कफीखेतीमा आवद्ध रहेका जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । बढ्दो रोग, कीराको संक्रमण र बजार व्यवस्थापनका चुनौती समाधान हुन नसके कफीखेतीप्रतिको किसानको आकर्षण विस्तारै घट्नसक्ने चिन्ता सरोकार भएकाहरूले व्यक्त गरेका छन् । *रासस*

## छुट्टाछुट्टै घटनामा...

...यस्तै महोत्तरीको रामगोपालपुर नगरपालिका-५ स्थित कञ्चनपुर पेट्रोल पम्प नजिकै सडकमा प्र.२-०२-००२ प १६६९ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक बलवा नगरपालिका-५ बस्ने ३० वर्षीय राम ललित यादवको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको जानकी हेल्थ केयर जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै उदयपुरको त्रियुगा नगरपालिका-८ राजाबास बस्ने रूपेश दनुवारको छोरा ७ वर्षीय सिरियान दनुवारको सोही ठाउँस्थित सरस्वती खोलामा डुबेर मृत्यु भएको छ । पौडी खेल्ने क्रममा डुबेर अशक्त भएका उनको न्यूरो अस्पताल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै कपिलवस्तुको वाणगंगा नगरपालिका-१० गोगापुर बस्ने ४० वर्षीय दासु थारूको करेन्ट लागेर मृत्यु भएको छ ।

आफ्नै घरमा पंखाको तार जोड्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै कपिलवस्तुको महाराजगंज नगरपालिका-२ पडरीया एक जना मृत अवस्थामा फेला परेका छन् । सोही ठाउँका ७० वर्षीय बुद्ध अहिर आफ्नै घरमा मृत अवस्थामा फेला परेका हुन् । यस्तै गुल्मीको मुसिकोट नगरपालिका-१ सिरानटोल बस्ने ६८ वर्षीय बिर बहादुर सुनार पनि बडिगाड लघुविद्युत समुदायको ड्यामस्थित ट्याङ्कीमा मृत अवस्थामा फेला परेका छन् । यस्तै बाराको पचरौता नगरपालिका-१ नेपाल भारतको सिमानास्थित जमुनिया खोलाको किनारमा हाल नाम, थर र वतन नखुलेका अन्दाजी ३५ वर्षीय पुरूष मृत अवस्थामा फेला परेका छन् । सम्पूर्ण घटनाका विषयमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

### खेलकुद समाचार

## इंग्ल्यान्ड विश्वकपको क्वाटरफाइनलमा प्रवेश



**काठमाडौं,** असार २२/सहआयोजक देश मेक्सिकोलाई ३-२ गोल अन्तरले पराजित गर्दै इंग्ल्यान्ड विश्वकप फुटबलको क्वाटरफाइनलमा प्रवेश गरेको छ । मेक्सिकोको घरेलु मैदान अज्टेका रंगशालामा सोमबार बिहान भएको खेलमा इंग्ल्यान्डका लागि जुड बेलिङहमले २ तथा कप्तान ह्यारी केनले १ गोल गरे । मेक्सिकोका जुलियन क्विनोनेस र राउल जिमिनेजले १-१ गोल गरे । इंग्ल्यान्डले पहिलो हाफमा २-१ को अग्रता बनाएको थियो । दोस्रो हाफमा दुवैले थप १-१ गोल गरेका हुन् । ५४औं मिनेटमा जारेल क्वान्साह रातो कार्ड खाएर बाहिरिएपछि इंग्ल्यान्ड १० खेलाडीमा सीमित थियो । घरेलु टोली मेक्सिको विश्वकपबाट बाहिरिने दोस्रो आयोजक बनेको छ । यसअघि अर्को आयोजक टोली क्यानडा पनि अन्तिम १६ बाटै बाहिरिसकेको छ । खराब मौसमका कारण मेक्सिको र इंग्ल्यान्डबीचको खेल एक घण्टा ढिला शुरु भएको थियो । इंग्ल्यान्डले अब क्वाटरफाइनलमा नर्वेसँग खेल्नेछ ।


वर्गिकृत डिस्प्ले


१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## दोहोरो अङ्कले घट्यो शेयर बजार



**पाल्पा,** असार २२/हप्ताको पहिलो कारोबार दिन शेयर बजार दोहोरो अङ्कले घटेको छ । शेयर बजार परिसूचक नेप्से सोमबार २६ दशमलव २९ अङ्कले घटेर २ हजार ६२७ दशमलव ११ विन्दुमा झरेको हो ।

सोमबार सबै समूहको सूचक घटेकोमा व्यापार समूहको सूचक ३ प्रतिशतभन्दा धेरैले ओरालो लागेको छ । सोमबार २३९ वटा कम्पनीको शेयर घटेकोमा ३४ वटाको बढेको छ । यस्तै ४ वटा कम्पनीको शेयर भने घटबढ भएको छैन । थ्री स्टार हाइड्रोपावरको शेयर १३ दशमलव ७९ प्रतिशतले घटेको छ । समग्रमा बजार घटेको दिन स्नो रिभर्स, सानीगड हाइड्रो, कलङ्गा हाइड्रोको शेयर १५ प्रतिशतले बढेको छ । सोमबार नेप्सेसँगै कारोबार रकम पनि घटेको छ । गएको शुक्रवार ४ अर्ब ४१ करोडको कारोबार भएकोमा सोमबार ३५६ वटा कम्पनीका ७५ लाख ४० हजार कित्ता शेयर ३ अर्ब ५५ करोड रुपैयाँमा किनबेच भएको छ ।


मनको आवाज..............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई